# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।०६।२९ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

नेपाल टेलिकम, वायरलाइन तथा ग्राहक सेवा निर्देशनालय, छाउनीबाट गरिएको Scrap Dismantle Battery लिलाम कार्यमा अनियमितता गरिएको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा तत्कालीन समयमा नेपाल टेलिकम, केन्द्रीय स्टोरअन्तर्गत थानकोट स्टोरमा कार्यरत बरिष्ठ सहायक रामचन्द्र लामिछानेले नेपाल टेलिकमको बोलपत्र अन्तर्गत Scrap Dismantle Battery को लिलामी समाप्त भएपश्चात नेपाल टेलिकमका बिभिन्न कार्यालयहरुबाट थानकोट स्टोरमा भण्डार गरी राखेको सार्वजनिक संस्थाको सम्पत्ति ९७९ थान Dismantle Battery को हुन आउने बिगो रु. ८६,८८,१३२।९१ (छयासी लाख अठासी हजार एक सय बत्तीस रुपैयाँ एकानब्बे पैसा) हिनामिना, हानिनोक्सानी गरी निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर गरेको निर्बिवाद पुष्टि हुन आएकोले निजले आफूलाई गैरकानूनी लाभ पुऱ्याउने र नेपाल टेलिकमलाई हानिनोक्सानी पुऱ्याउने कार्य गरेको देखिंदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ज) बमोजिम सजाय गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम हानिनोक्सानी बिगो रकम निज रामचन्द्र लामिछानेबाट असुल उपर गरी पाउनसमेत मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
तारानाथ अधिकारी